दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १७६ | बुटवल | २०८२ असार ०८ गते आइतबार | नेपाल संवत ११४५ | Sunday June.22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रूपन्देही र चितवनमा भएका दुर्घटनामा नौ जनाको मृत्यु

बुटवल। रूपन्देही र चितवनमा भएका दुर्घटनामा नौ जनाको मृत्यु भएको छ। चितवनमा बस र माइक्रो जुधेर भएको दुर्घटनामा सात जनाको मृत्यु भएको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिका-४ डडुवा भन्ने स्थानमा भएको दुर्घटनामा सात जनाको मृत्यु र २४ जना घाइते भएका हुन् ।

पाँच जनाको घटनास्थलमै र दुई जनाको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। शव भरतपुर अस्पतालको शव गृहमा राखिएको छ।

धनगढीबाट काँकडभिट्टातर्फ जाँदै गरेको प्रदेश १-०१- ००१ ख ३५८३ नम्बरको बस र मकवानपुरबाट नारायणगढतर्फ आउँदै गरेको बागमती प्रदेश ०३ -००१ज २९९ नम्बरको इभी गाडी ठक्कर खाँदा दुर्घटना भएको हो।

घाइतेहरूको भरतपुर अस्पताल, पुरानो मेडिकल कलेज र चितवन मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

तीव्र गति र ब्रेक फेलका कारण दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ।

घटनाबारे विस्तृत अनुसन्धान भइरहेको चितवन प्रहरी प्रमुख गोविन्द पुरीले जनाएका छन् । मृतकहरूमा मकवानपुर हटिया ३ बस्ने ५५ वर्षीय सोमप्रसाद रुपाखेती, मकवानपुर हेटौंडा ५ बस्ने ५३ वर्षीया मैंया कुमारी न्यौपाने पहाडीको सनाखत भएको छ । अन्य पाँच जनामध्ये अन्दाजी १८/१९ वर्षीया महिला, अन्दाजी २४/२५ वर्षीया महिला, अन्दाजी २२/२३ वर्षीया पुरुष, अन्दाजी ३०/३५ वर्षीया गर्भवती महिला र अन्दाजी ३५/४० वर्षीय पुरुष रहेका छन् ।

यसैगरी रुपन्देहीमा टिप्परले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सुरज कार्कीले दिएको जानकारी अनुसार बनगाइ-मर्चवार सडक खण्डको मायादेवी गाउँपालिका वडा नम्बर ७ गरगट्टिमा दिउँसो साडे ३ बजे दुर्घटना भएको हो । बनगाइदेखि मर्चवारतर्फ जाँदै गरेको लु २ ख २४७४ नम्बरको टिप्परले विपरीत दिशातर्फबाट आउँदै गरेका लु ४० प २३७३ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको हो।

टिप्परको ठक्करबाट मोटरसाइकलमा सवार सम्मरीमाई गाउँपालिका वडा नम्बर ५ बस्ने २० वर्षीय समीर खान र कोटहीमाइ गाउँपालिका वडा नम्बर ७ बस्ने १८ वर्षीय शिवनाथ ठाकुरको घटनास्थलमै मृत्यु भएको कार्कीले बताए। सोही मोटरसाइकलमा सवार मर्चवार गाउँपालिका वडा नम्बर ५ बस्ने १७ वर्षीय अमित यादव घाइते भएको र उनको उपचार भइरहेको र अवस्था अहिले सामान्य रहेको कार्कीले जनाए । ठक्कर दिने टिप्पर र सो का चालकलाई प्रहरीले नियन्त्रणमा लिई यस विषयमा थप अनुसन्धान गरिरहेको कार्कीले जानकारी दिए।

## नारायणघाट–बुटवल सडकखण्ड राति १० घण्टा बन्द हुने



नवलपुर ।पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट बुटवल सडकखण्ड शनिबारदेखि रातिमा १० घण्टा पूर्णरुपमा बन्द गरिने भएको छ।

यस क्षेत्रको दुम्कीबास खण्डमा दुर्घटनाको जोखिम बढेकाले शनिबारदेखि साँझ ७ बजेदेखि बिहान ५ बजेसम्म सडक पूर्णरुपमा बन्द गर्न लागिएको सडक विभाग आयोजना निर्देशनालय (एडीबी)ले जनाएको छ।

आयोजना निर्देशनालयका निर्देशक इञ्जिनियर चुडाराज ढकालले शुक्रबार जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेको अध्यक्षतामा बसेको बैठकको निर्णयअनुसार शनिबारदेखि रातिको समयमा सडकमा यातायात सञ्चालनमा रोक लगाइएको हो।

"निर्माणाधीन नारायणघाट-बुटवल सडकको दुम्कीबासस्थित विनयी खोला पुलको डाइभर्सन सडक वर्षाले बारम्बार बगाइरहेकाले सो स्थानमा बनेको नयाँ पुल सञ्चालनमा नआउने बेलासम्म रातिमा सडकमा यातायात सञ्चालन बन्द गर्ने निर्णय भएको छ", उनले भने-"यसैगरी दाउन्ने खण्डको केही स्थानमा ग्राबेल राखेर सडक मर्मत गर्ने काम भइरहेकाले दाउन्नेमा सहज रुपमा यातायात सञ्चालन नहुने बेलासम्मका लागि रातिमा सडक बन्द गरिएको हो।"

उक्त सडक खण्डमा ठूला र मालवाहक सवारीसाधन भने शनिबारदेखि चौबिसै घण्टा सञ्चालन गर्न नदिने गरी रोक लगाइएको ढकालको भनाइ छ । ठूला र मालवाहक सवारीसाधनलाई नारायणघाट बुटवल सडकको वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गर्दै निर्देशक ढकालले साना सवारीसाधनसमेत सडकको अवस्था हेरेरमात्रै दिउँसोमा यात्रा गर्न सुझाव दिए।

चार लेनमा विस्तार भइरहेको यस सडकको दाउन्ने खण्डमा सामान्य पानी पर्दा हिलोका कारण सवारीसाधन सञ्चालनमा कठिनाइ हुँदै आएको छ। त्यस्तै, विनयी खोलामा आउने बाढीले यहाँ निर्माण गरिएको डाइभर्सन बगाउँदा पटकपटक यातायात सञ्चालनमा अवरोध हुने गरेको छ।

# नौ वर्षसम्म पनि पूरा भएन बेलबास–बेथरी सडक

### बुटवलको नहरपुर खण्डमा सडक विस्तारको काम रोकिंदा पानी पर्दा हिलो र सुक्खा याममा धुलोले स्थानीय र सडक प्रयोगकर्ताले सास्ती व्यहोर्दै आएका छन् ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देहीको बेलबास-बेथरी सडक बिस्तारको काम नौ वर्षसम्म पनि पूरा नहुँदा त्यस क्षेत्रका बासिन्दा र यात्रुहरूले लामो समयसम्म सास्ती व्यहोर्न बाध्य छन् ।

२०७३ सालदेखि सुरु भएको बुटवलको बेलबासदेखि बेथरी हुँदै लुम्बिनी जाने २१ किलोमिटर सडक विस्तार कार्य अझैँसम्म पुरा नहुँदा स्थानीय बासिन्दाका साथै उक्त सडक भएर आवतजावत गर्ने यात्रुहरूले सास्ती ब्यहोर्नु परेको हो ।

समयमै काम सम्पन्न नहुँदा बेलबास-बेथरी सडकखण्डअन्तर्गत बुटवलको नहरपुर र रानीगञ्ज क्षेत्रका बासिन्दा पानी पर्दा हिलो र सुक्खा याममा धुलोले सास्ती व्यहोर्दै आएका छन् ।

सडकको बिचमा परेको खाल्टाखुल्टीले हैरान भएपछि स्थानीयहरूले बिगत दुई वर्षअघि संघर्ष समिति नै बनाएर बेलाबेलामा विरोध गर्दै आए पनि सम्बन्धित निकायले ध्यान नदिएको स्थानीयको गुनासो छ ।

नौ वर्षदेखि अधुरो रहेको सडक बिस्तारको काम छिटो पूरा गर्न स्थानीयवासीहरूले पटक-पटक सडक कार्यालय, प्रमुख जिल्ला अधिकारी तथा लुम्बिनी प्रदेशका मुख्यमन्त्रीलाई समेत आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीय संघर्ष समितिका संयोजक विजय ढकालले बताए ।

वर्षा सुरु भएकोले तत्कालका लागि खाल्डाखुल्डी पुर्ने र बाँकी काम पनि यथासिघ्र सम्पन्न गर्नुपर्ने उनको भनाइ छ ।

तत्काल काम सुरु नगरे पुनः आन्दोलनमा उत्रने संघर्ष समितिका संयोजक ढकालले चेतावनी दिए ।

उनले भने-'संघ सरकारले सडक विस्तार गर्ने हो कि प्रदेश सरकारले हो, जसले गरे पनि यो काम चाँडै हुनुपर्‍यो भन्ने हाम्रो माग हो ।'

बुटवल-बेलबास हुँदै लुम्बिनी जाने यो सडक दुई खण्डमा विभाजन गरेर निर्माण सुरु भएको थियो । जसअन्तर्गत दोस्रो प्याकेजमा ८ किलोमिटर निर्माण गर्ने ठेक्का बज्र गुरु कान्छाराम जेभीले लिएको थियो । उक्त कम्पनीले निर्माण गर्ने जिम्मा लिएको खण्डमा विभिन्न ५ ठाउँमा स-सानो काम अलपत्र हुँदा यात्रुहरूले कष्ट व्यहोर्नु परेको छ ।

संघीय सरकारको अनुदान कार्यक्रमअन्तर्गत सडक विभागले २०७३ सालमा २१ किलोमिटर सडक विस्तारको ठेक्का लगाएको थियो । ठेक्का सम्झौताअनुसार २०७६ सालसम्म निर्माण कार्य सक्ने समयसीमा तोकिएको थियो ।

बज्र गुरुले साढे ८ किलोमिटरको प्याकेज २०७६ असार मसान्तसम्म सक्नुपर्ने थियो, तर ६ पटकसम्म म्याद थप्दै २०८१ चैतसम्म सम्पन्न गर्ने सीमा बढाइएको भए पनि अहिलेसम्म पूरा नभएको हो ।

पछिल्लो समय ठेकेदार प्रतिनिधि पनि सम्पर्कमा नआउने र बहुवर्षे योजनाअनुसार थप बजेट पनि नआएकोले सडक कालोपत्रे, कल्भर्ट, सडक पेटी निर्माण गर्नेलगायतका काम बाँकी रहेको सडक पूर्वाधार विकास कार्यालयका अधिकारीहरूको भनाइ छ ।

## होटल व्यवसायी संघको अध्यक्षमा खनाल



बुटवल । होटल तथा रेस्टुरेण्ट व्यवसायी संघ रुपन्देहीको २४औं साधारणसभा तथा १२औं अधिवेशनले माधवकुमार खनाललाई सर्वसम्मत अध्यक्ष चयन गरेको छ । शनिबार बुटवलमा सम्पन्न अधिवेशनबाट खनाल निर्विरोध अध्यक्ष बनेका हुन् ।

संघको नयाँ कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा अर्जुन थापा, पर्यटन उपाध्यक्षमा रोमाकान्त पाण्डे, प्रथम उपाध्यक्षमा थम्मनबहादुर भण्डारी (क्षेत्री), द्वितीय उपाध्यक्षमा प्रेमप्रसाद भट्टराई, महासचिवमा केशवराज कँडेल, कोषाध्यक्षमा अर्जुन पोखरेल, सचिवमा बाबुराम अर्याल, सहसचिवमा डिल्लीराज अर्याल (दीपक) र सहकोषाध्यक्षमा खुमराज ज्ञवाली (राजन) पनि सर्वसम्मत चयन भएका छन् ।

त्यसैगरी, कार्यसमितिका सदस्यहरूमा युवराज पराजुली, जनक पाण्डे, गोकर्ण रायमाझी, श्रीराम भण्डारी, सन्तोष खड्का, केशवराज पाण्डेय, एकदेव पाण्डेय (सुरज), सुन्दरकुमार श्रेष्ठ, पिताम्बर खनाल, दामोदर उपाध्याय र नारायणप्रसाद श्रेष्ठ रहेका छन् ।

अधिवेशनको उद्घाटन बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले गरेका थिए । सोही अवसरमा बोल्दै नगरप्रमुख पाण्डेयले बुटवललाई पर्यटकीय र सांस्कृतिक शहरको रूपमा विकास गर्न उप-महानगरपालिकाले काम गरिरहेको बताएका थिए। पाण्डेयले बुटवलबाट प्रदेश राजधानी सर्दा होटेल व्यवसायमा धमिरा लागेको बताएका छन् ।

उप-महानगरले निजी क्षेत्रलाई सँगै लिएर अघि बढ्ने नीति लिएको उल्लेख गर्दै उनले निजी क्षेत्र बिनाको बुटवल कल्पना गर्न नसकिने बताए।

बुटवल सम्भावनाको सहर भएकाले होटेल व्यवसायीले पनि व्यवसाय वृद्धिका लागि नयाँ-नयाँ सम्भावना खोज्नु पर्नेमा उनले जोड दिए। प्रमुख पाण्डेले आन्तरिक तथा बाह्य पर्यटकलाई बुटवलमा राख्न टुर प्याकेज घोषणा गर्न व्यवसायीलाई सुझाव दिए।

बुटवल उप-महानगर उप-प्रमुख सावित्रीदेवी अर्यालले बुटवलको पर्यटन विकासका लागि बुटवलदेखि मुक्तिनाथसम्म रहेका विभिन्न पालिकासँग भगिनी सम्बन्ध विस्तार गर्न लागिएको बताइन्। उनले भारतबाट मुक्तिनाथ जाने तीर्थयात्री तथा पर्यटकको विश्राम स्थलको रूपमा बुटवललाई विकास गर्नु पर्नेमा जोड दिइन्।

उप-प्रमुख अर्यालले विश्वभरका होटलहरुमा स्थानीय उत्पादनको प्रवर्धनका लागि काउन्टरमा राख्ने गरिएको उदाहरण दिँदै बुटवलमा पनि यसको सिको गर्न आग्रह गरिन्।


सैनामैना नगरपालिकाको अनुरोध

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

**गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ।**

- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं ।
- अध्यौंरोमा नहिडौं । अति आवश्यक परे टूच लाइट बालेर हिडौं ।
- खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
- बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
- किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामिभाक्रीको अन्धविश्वासमा नपरौं ।

अनुरोधक :

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# विधिलाई आत्मसात गरौँ

राजनैतिक दल लोकतान्त्रिक व्यवस्थाका औजार हुन् । ती विधि, पद्दती र संविधान अनुसार चल्नुपर्छ। यदि प्रचलित मान्यतालाई आत्मसात गर्न सकेनन् भने व्यवस्थामा अराजकता आउँछ नै, स्वंय दलहरुमाथि नै संकट निम्तिन्छ । अहिले नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टीको अवस्था त्यस्तै भएको छ ।

सुशासन र वैकल्पिक राजनीतिको मुद्दा उठाएका दुई दल भ्रष्टाचार र ठगीको अभियोग लागेका नेतालाई नेतृत्वमै राखेर पार्टी र देशको भविष्यबारे चिन्ता गर्नु स्वाभाविक पटक्कै छैन । २०६४ को संविधानसभा निर्वाचनमा एमालेले अनपेक्षित हार व्यहोरेपछि तत्कालीन महासचिव माधवकुमार नेपालले नैतिकताका आधारमा राजीनामा दिएका थिए, तर अहिले उनै नेपालमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दर्ता गर्दासमेत पार्टीको प्रमुख पदमा रहँदै आएका छन् । सुशासन र वैकल्पिक राजनीतिको नारा दिएर राजनीतिमा आएका रास्वपा सभापति रवि लामिछानेले सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराध मुद्दा लागेर कारागार चलाउन हुँदा पनि पार्टी सभापतिबाट राजीनामा दिएका छैनन् । नेपाल र लामिछाने दुवैको राजिनामा पार्टी पंक्तिभित्रबाटै माग्नुपर्दथ्यो, तर पार्टीभित्र उनीहरुले गल्ती नै गरेका थिएनन् भन्ने गरी प्रचार र लविङ हुनु गलत छ। भ्रष्टाचार जस्तो विषयमा मुद्दा लागेपछि छानबिनका लागि सघाउन सबै तयार हुनुपर्छ । अझ राजनैतिक दलको शीर्ष नेतृत्वले पटक्कै यो विषयलाई स्विकार गर्दैन ।

अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेपछि नेपालको सांसद पद निलम्बनमा परेको छ। लामिछानेको हकमा पनि भएको त्यही हो । सांसद पद निलम्बनमा पर्दा पार्टीको नेतृत्व छाड्न तयार नहुनुको संकेत हो, पार्टी सत्ता जुनसुकै हालतमा नछाड्ने । सांसद पद निलम्बनमा भएसँगै पार्टी नेतृत्वबाट समेत मुद्दा किनारा नलाग्दा सम्म निलम्बनमा राख्नु राम्रो हो । अझ नेपाल विधि र पद्दतीको धेरै कुरा गर्ने व्यक्ति हुन् । विधि र पद्दतीको कुरा गर्ने तर व्यवहारमा कार्यान्वयन नगर्ने प्रवृत्ति नेता नेपालमा पनि देखिएको छ । विधि र पद्दतीको कुरा गर्दै उनी एमालेबाट अलग भएर नयाँ दल खडा गरेका छन् । विधि र पद्दतीको कुरा गर्दा व्यवहारमा पनि उतार्न उत्तिकै महत्व दिनुपर्छ । लामिछानेले सुशासन र विधिको धेरैलाई पाठ पढाए तर सहकारी ठगीसम्बन्धी मुद्दा दर्ता भएपछि उनको सांसद पद निलम्बन भयो, तर उनको रास्वपा सभापतिको पद कायमै छ ।

अब विधि र नैतिकताको कुरा गर्ने हो भने मुद्दा दायर भएपछि पार्टीको कार्यकारी पदबाट राजीनामा दिनु अनिवार्य छ । कमजोरी गर्नेलाई कानुनी दायरामा ल्याउन ढिलाइ गर्न हुन्न । राजनीतिमा नैतिकता प्रमुख विषय भयो भने मात्रै राजनीति सही बाटोमा जाने हो ।

# स्थानीय तहको बजेटले “कमाउने पालिका” बनाऔं



लवकुमार अधिकारी




स्थानीय सरकारले पनि संघीय सरकार जस्तै बजेट विनियोजनको मोडेल तयार पार्ने गर्दछ । स्थानीय तहहरुको दोस्रो कार्यकाल सुरु भएको तीन वर्ष बितिसक्दा पनि निर्वाचित जनप्रतिनिधिहरुको सहकार्य तथा समन्वयलाई कसरी पालिकाको समृद्धि बनाउन सकिन्छ भन्ने कुरामा ध्यान दिएको देखिंदैन । विकास योजना, वार्षिक योजना र बजेट तर्जुमा समेत गर्ने हुँदा बजेट आयो भन्दैमा जनप्रतिनिधिहरुले नगरसभा र गाउँ सभालाई छलेर नै राजनीतिक रुपमा आफ्ना कार्यकर्ता पालन पोषण प्रस्ट देखिन्छ। जो आमजनभावनाविपरीत भएको छ । अर्को फेरि त्यस्ता बजेटले झनै जनजीवन अस्तव्यस्त बनाइदिन्छ । तर, यसका लागि निर्वाचन प्रक्रियाबाट चुनिएर आएका राजनीतिक प्रतिनिधिहरुको काम गर्न सक्ने क्षमता, दक्षता र इच्छाशक्ति दृढ हुनु आवश्यकता छ।

बिगतलाई हेर्दा स्थानीय तहहरुको बजेट रकमान्तरलाई हेर्ने हो भने उत्पादकभन्दा अनुत्पादक क्षेत्रमा बढी खर्च भइरहेको देखिन्छ। विभिन्न किसिमका योजनाहरु जस्तैः पर्यटन विकासको नाम मा भ्यू टावर, ठुला-ठुला पार्क, मठ मन्दिर, स्कुलका ठुला-ठुला भवन, स्कुल बस खरिद, राजनीतिक हस्तक्षेप गरिकन अनुदान दिने प्रणाली, एक घर एक मुलबाटो जस्ता योजनाहरुमा अनावश्यक बजेट खर्च भएको छ। यस्ता योजना तर्जुमा गर्दा ध्यान नदीने हो भने फेरि जनता नैरास्यतामा नआउला भन्न सकिन्न। स्थानीय तहले असार १० गते ल्याउने यि यस्ता योजनालाई बढी प्राथमिकता नराखेर अब आर्थिक रुपमा केन्द्रित हुने क्रियाकलाप, तुलनात्मक र प्रतिस्पर्धात्मक नाममा फराकिलो पार्नु पर्दछ। अबको नेतृत्वको मुख्य चुनौती भनेको प्रत्येक स्थानीय तहहरुलाई आर्थिक केन्द्रको रुपममा विकास गर्ने हो । अबमुख्य रुपमा युवाहरुको सीप विकास गराई बेरोगारी र वैदेशिक रोजगार न्यूनीकरण हुनुपर्दछ।

स्थानीय तबरबाट नै स्थानीय तहहरुलाई नै देशको दिगो अर्थतन्त्रको मेरुदण्डको रुपमा चिनाउन सफल हुनु पर्छ । तर,स्थानीय तहलाई संघ र प्रदेश सरकारले विभिन्न शीर्षकमा पठाएका कार्यक्रमहरु पनि कार्यान्वयन गर्न नसकिरहेको अवस्था देखिन्छ। किन कि राजनीतिक नेतृत्वको अस्तब्यस्त कारणले पनि स्थानीय सरकार चाहे बमोजिम काम गर्न नसक्दा थुप्रै शीर्षकमा आएका बजेट फ्रिज भएका छन् । जनतासँग नजिक बनिसकेको स्थानीय सरकार विपद्को बेला पनि सारथि बनिसकेको कैयौ उदाहरण पनि छन् । यतिबेला बजेट बिनियोजनदेखि कार्यान्वयन गर्नेसम्म अधिकार स्थानीय सरकारका जनप्रतिनिधिहरुसँगछ। तिनीहरुले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ । अबको मूल नारा आर्थिक वृद्धिको लक्ष्य र रोजगार वृद्धिको लक्ष्य पनि यो बजेटको योजनामा उल्लेख गर्नुपर्दछ । भर्खरै संघ र प्रदेश सरकारले बिनियोजन गरेको बजेटले यथासम्भव समाजमा विद्यमान आर्थिक असमानता घटाउनेतर्फ पनि उत्तिकै ध्यान दिनु जरुरी छ।

खाद्यसुरक्षा, स्वच्छपिउने पानी, गुणस्तर शिक्षा, लत्ताकपडा, बस्नको लागि बास र औषधी उपचार यी मानिसको आधारभूत अति आवश्यकता भित्र राख्ने र भौतिक पूर्वाधारतर्फ सडक, बिजुली, दुरसञ्चार, मनोरञ्जन स्वच्छ वातावरण यसलाई पनि आवश्यकताको आधारमा प्राथमिकतामा राख्नु पर्दछ । बिगतमा स्थानीय सरकारले विभिन्न कार्यालयसँग समन्वय गरी गरेका कृषि पकेट क्षेत्र, कृषि जोन, प्रधानमन्त्री आधुनिकरण परियोजना कार्यक्रम लागू भए पनि त्यसले कृषकलाई आम्दानी बढाउन, रोजगार सिर्जना गर्न, आर्थिक गतिविधिमा रुपान्तरण गर्न सकिरहेको छैन । मेरैगृह जिल्ला प्यूठान हेर्ने हो भने बजारमा भारतबाट आयात भएका फलफूल र तरकारी छ्यापछ्याप्ती देख्न सकिन्छ । तर, यता स्थानीय तहमा भने हप्तैपिच्छे कृषि अनुदान वितरण, तरकारीका बिउबिजन वितरण, फलफूलका बेर्ना वितरण, लाखौ पर्ने कृषि औजार वितरण भए पनि भान्सामा पाक्ने टमाटर, धनिया, कागती समेत बाहिरी मुलुकबाट आयात भएका छन् ।

यदि अनुदान नै दिने हो भने टुक्रे अनुदान, नगदे अनुदान बन्द गरी व्यवसायिक रुपमा कृषि गर्ने कृषकहरुको अवस्थालाई अनुगमन गरी किस्ता सिस्टममा अनुदान दिने, अनुगनमको दाएरा फराकिलो पार्ने, राजनीतिक हस्तक्षप नगर्ने, उत्कृष्ट व्यवसायीलाई हौसला प्रदान गर्ने लगायतका सकारात्मक नतिजा आउने गरी कार्यक्रम गर्ने हो भने पनि क्रमिक रुपमा सुधार गर्न सकिन्छ। स्थानीय तहको दोस्रो निर्वाचित भएपछि हेर्ने हो भने उत्पादनमा आधारित अनुदान, कृषक सम्मान कार्यक्रम, थोरै भए पनि प्रविधि र यन्त्रीकरणसँगै आधुनिकरण मा लगानी गर्ने गरेको देख्न सकिन्छ, तर परिमाणमुखी चाहिँ देखिंदैन । स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने दक्ष विज्ञता जनशक्ति व्यवस्थापनको लागि विभिन्न विषयमा भएको विज्ञ व्यक्तिहरु समेटी राजनीतिक रुपमा विभेद नगरी सञ्जाल निर्माण गरी उनीहरुबाट विज्ञता लिई पालिका तथा नगरपालिकालाई चलायमान गर्न सकिन्छ।

अब पालिकालाई संघ र प्रदेशको मुख ताक्नुभन्दा पनि पालिकालाई कसरी “कमाउने पालिका” भनेर चिनाऔं। अहिले सम्पूर्ण अधिकार स्थानीय तहमा हुनेहुँदा ऐननियम निर्माण तथा परिमार्जन गरी अब उपभोक्ता समितिबाट बाटो निर्माण, पोखरी निर्माण, कुलो निर्माण, चौपारी निर्माण, खानेपानी ट्यांकी निर्माण, तटबन्धन छेकबार, भवन निर्माण यी यस्ता काम मात्र गर्ने होइन । अब उपभोक्ता समितिले पनि आफ्नै पालिकाका विज्ञ समूहहरुको सञ्जाल बनाई त्यस्तो समिति गठन गरी दिर्घकालिन रुपमा रोजगारको योजना बनाउनैपर्छ। पूर्णअधिकार उपभोक्ता समितिलाई दिएर उद्योग स्थापना गरी रोजगार दिन सकिन्छ, जस्तै- पानी उद्योग, तारजाली उद्योग, होमपाइप उद्योग, हामीले युट्युब तिर देख्न सकिन्छ सालको पात प्रयोग गरेर बनाइने दुना टपरी, सिस्नोबाट बनाइएका कपडाहरुको उद्योग, नेपाली कागज उद्योग, अगरबत्ती उद्योग, यी यस्ता उद्योगहरु ग्रामीण भेगतिर प्रशस्त सम्भावनाहरु देख्न सकिन्छ। जुन हामीले उपभोक्ता समितिमार्फत् यी योजनाका कामहरु गर्न सक्यौ भने एउटा वडामा ४०-५० युवाहरुलाई रोजगार दिन सकिन्छ । तर यो सम्पूर्ण अधिकार ऐन निर्माण गर्दा चाहिँ पालिकाको स्वमित्वमा रही संघ र प्रदेशबाट सहज निर्माण र अधिकार पालिकालाई दिनुपर्छ।

र बैदेशिक रोजगारमा सिकेका सीपलाई बढी प्रथामिकतामा राखेर बेरोजार शून्य त होइन केहि हदसम्म बेरोगार युवाहरुलाई रोजगार दिन सकिन्छ भने पालिकाको आन्तरिक स्रोत वृद्धि गरी ‘कमाउने पालिका’बनाउन सकिन्छ।

**कृषि तथा उत्पादन क्षेत्रमा आत्मनिर्भरता**

स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै प्रशोधन, भण्डारण र बजार पहुँच सुनिश्चित गर्नुपर्छ। स्थानीय सहकारी संस्था तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने, कृषि तथा उत्पादन क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न आधुनिक प्रविधिसँगै यन्त्रीकरण प्रयोग गर्ने, सिँचाइ तथा बीउबिजनको सहज उपलब्धता गर्ने, किसानलाई तालिम र सहुलियतपूर्ण ऋण व्यवस्था आवश्यक गर्ने । सहकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गरी उत्पादन लागत घटाउने र मूल्य अभिवृद्धि गर्ने उपाय अवलम्बन गर्ने। आयातमा निर्भरता घटाई स्थानीय उत्पादनलाई प्रवर्धन गर्दा रोजगारी सिर्जना र आर्थिक समृद्धि सम्भव हुन्छ । यसले स्थानीय तहको आत्मनिर्भरता सुनिश्चित गर्न कृषि क्षेत्रमा गरेकोलगानीले पुलको काम गर्छ।

**स्थानीय तहमालगानी प्रवर्धन**

स्थानीय तहमा लगानी प्रवर्धन गर्न स्थानीय स्रोत, सम्भावना र पूर्वाधारको अध्ययन गरी लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्छ। निजी कम्पनीहरुसँग साझेदारी (एएए मोडेल) गरी उद्योग, कृषि, पर्यटन र सेवा क्षेत्रमा लगानीकोवातावरण बनाउने । नीति तथा नियम स्पष्ट र सरल बनाएर स्वीकृति प्रक्रिया छिटोर छरितो सेवा बनाउनुपर्छ। स्थानीय उत्पादनको ब्रान्डिङ र बजार विस्तारले लगानीको आकर्षण बढाउँछ । जनशक्ति विकास र पारदर्शी प्रशासनले दीर्घकालीन लगानीमा विश्वास उत्पन्न गराउँछ। आर्थिक विकासको मूलभूत उद्देश्य पालिकालाई रोजगार केन्द्रको रूपमा विकास गर्नु, कृषि तथा पशुपालनमा आत्मनिर्भर बनाउनु तथा आन्तरिक स्रोतको अभिवृद्धि गर्नु हो।

**पारदर्शिता र सुशासन कायम गर्ने**

हरेक योजना तर्जुमा टोल तथा बस्तिहरुमा पुगेर जनसहभागिता सुनिश्चित गर्नुपर्दछ । विभिन्न राजनीतिक दलका अगुवाहरु र कुनै क्षेत्रमा विज्ञता हाँसिल गरेका विज्ञहरुसँग योजना निर्माण, बजेट विनियोजन र विकास गतिविधिमा प्रत्यक्ष सहभागिता गराउनु पर्दछ। स्थानीयतहमा भएका हरेक क्षेत्रका जस्तैःशिक्षा, स्वास्थ्य र कृषि गतिविधिका सूचना प्रवाहमा खुला बनाउनु पर्दछ। सूचनाकोअधिकार ऐनको प्रभावकारी कार्यान्वयन गरी सम्पूर्ण निर्णय, बजेट, खर्च र कार्यक्रम सार्वजनिक सुनुवाइको माध्यमबाट आम भेलामार्फत् सावजनिक गर्नुपर्दछ । प्रविधिको उपयोग सेवा प्रवाहमा डिजिटल प्रणाली (जस्तै वेबसाइट, मोबाइल एप, अनलाइन सेवा) प्रयोग गर्ने । उत्तरदायित्व र जवाफदेही बनाउने । जनप्रतिनिधि र कर्मचारीलाई समयमै कामको प्रतिवेदन दिन बाध्य बनाउने । स्वतन्त्र अनुगमन र मूल्यांकनः नागरिक समाज, सञ्चारमाध्यम र अनुगमन समितिबाट कामको निगरानी गराउने। भ्रष्टाचार नियन्त्रण र भ्रष्टाचारविरुद्ध कडा कारबाही र नीति लागू गर्ने।

**स्थानीय तहमा नीतिगत सुधार र कार्यान्वयन क्षमता**

पहिलो पक्ष नै स्थानीय तहमा नीतिगत सुधार र कार्यान्वयन क्षमता अभिवृद्धिका लागि नीति निर्माणमा जनसहभागिता सुनिश्चित गर्नुपर्छ । दोस्रो पक्ष स्पष्ट, व्यावहारिक र स्थानीय आवश्यकता अनुरूप नीति बनाउने र त्यसको कार्यान्वयनका लागि नियमावली तयार गर्नुपर्छ । जसमा कर्मचारी र जनप्रतिनिधिलाई तालिम दिई दक्षता बढाउने, प्रविधिको प्रयोग (जस्तैः ई-गभर्नेन्स, डिजिटल कर प्रणाली) गर्ने, र अनुगमन प्रणालीलाई सुदृढ बनाउने आवश्यक देखिन्छ। जसलेगर्दा योजनाको पारदर्शिता, जवाफदेही व्यवस्था र नियमित मूल्याङ्कनमार्फत् नीति सुधार र कार्यान्वयनमा दीगो सुधार सम्भव हुन्छ । स्थानीय तहले संघ र प्रदेशका योजनामा समुदायसँग समन्वय पनि गर्नुपर्छ, जसलेगर्दा योजना प्रभावकारी हुने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म तथा भावना अनुरुप स्थानीय तहहरुको समग्र कार्य सञ्चालनको अवस्थाको विश्लेषणका लागि ऐनको दफा ८० बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह सस्थागत क्षमता स्वमूल्याङ्कन(LOCAL GOVERNMENT INSTITUTIONAL CAPACITY SELF–ASSESSMEN–LISA)कार्यविधि,२०७७ जारी गरेको छ। यस कार्यविधिले स्थानीय तहको समग्र स्थितिको १० वटा विषयक्षेत्र र सोअन्तर्गत विभिन्न सूचकहरुमा आधारित रहेर लेखाजोखा गर्दछ र स्थानीय तहमा प्राप्त हुने वार्षिक बजेटमा समेत स्वमूल्याङ्कनबाट प्राप्त हुने नतिजाले प्रभाव पार्दछ। जसले गर्दा स्थानीयतहमा आर्थिक अनुशासन पनि पारदर्शिता हुने गर्दछ।

# एक दिनमा कति अण्डा खाने ? के के पोषक तत्व पाइन्छ ?

‘दैनिक एउटा स्याउको सेवनले डाक्टरलाई टाढा राख्छ’ स्वस्थ्य खानपानका विषयमा उदाहरण दिनुपर्दा सबैभन्दा बढी भनिँदै आइरहेको भनाइ हो यो। स्याउ पोषिलो खानेकुरा रहेको र यसले मानिसलाई स्वस्थ राख्न मद्दत गर्ने भएकाले बिरामी भएर डाक्टरकहाँ जानुपर्दैन अवस्था नआउनसक्छ भनेर नै यो भनिँदै आइरहेको हो ।

तर अण्डा चाँही कति खाने त ? अण्डाका विषयमा स्याउको जस्तो एक दिनमा एउटा भन्ने भनाइ पनि छैन। त्यसो भए एक दिनमा कति अण्डा खाँदा राम्रो होला त ?

पोषणविदहरुका अनुसार व्यक्तिको उमेर, जीवनशैली, तौल, स्वास्थ्य अवस्थालगायतका कुरा अनुसार कति अण्डा खाने भन्ने कुरा निर्भर रहन्छ।

बच्चा, वयस्क र वृद्धावस्था अनुसार पनि अण्डाको सेवनमा फरक पर्न सक्छ । यसका साथै बिरामी वा स्वास्थ्य अवस्था अनुसार पनि अण्डाको सेवनमा फरक पर्न सक्छ। सामान्यतय स्वस्थ वयस्क व्यक्तिले दिनमा २ अण्डा खान उपयुक्त मानिन्छ। अण्डामा कोलेस्टेरोल पनि हुने भएकाले स्वस्थ वयस्क व्यक्तिले कुनै दिन अन्य खानाको स्रोतबाट धेरै कोलेस्टरोल लिएको भएमा एउटा मात्र अण्डा खाँदा राम्रो मानिन्छ।

उच्च कोलेस्ट्रोल भएकाहरूले हप्तामा ४ देखि ५ वटा अण्डाभन्दा बढी नखान सुझाव दिइन्छ। बच्चा र किशोरको हकमा पनि दिनमा १-२ अण्डा खान सुझाब दिइन्छ। यसका साथै उनीहरूको समग्र खानपान सन्तुलित हुनुपर्ने विषयमा पनि उत्तिकै ख्याल राख्नुपर्छ।

गर्भवती महिलाले चिकित्सक तथा पोषणविद्को सल्लाहमा दिनमा एक देखि दुई वटा अन्डा सेवन गर्न सक्छन् ।

अण्डा प्रोटिनको राम्रो स्रोत हो र सन्तुलित खानाको लागि उपयुक्त छ ।



तर, अण्डाको पहेँलो भागमा कोलेस्ट्रोल धेरै हुन्छ, जुन प्रति अण्डा करिब २०० मिलिग्राम हुन्छ। सामान्यतया एक दिनमा खानामार्फत् ३०० मिलिग्रामभन्दा बढी कोलेस्ट्रोल लिनु हुँदैन। त्यसैले, धेरै अण्डा मात्र खाने बानी बसाल्नु राम्रो होइन। तर, धेरै खान नहुने भनेर अण्डा पूरै छोड्नु पनि पर्दैन।

अण्डामा प्रोटिन मात्र होइन, भिटामिन डी, आइरन र अन्य उपयोगी पोषक तत्वहरू पनि पाइन्छ। धेरै परिश्रम गर्ने, जीम तथा भारी मात्रामा व्यायाम गर्नेहरुले पनि दिनमा दुई वा त्योभन्दा बढी अण्डा खानुपर्ने भएमा पोषणविद वा चिकित्सकहरुको सल्लाह लिएर मात्र खानुपर्छ।

यदि तपाईं सामान्यभन्दा बढी अण्डा खान चाहनुहुन्छ भने, अण्डाको पहेँलो भाग नखानुहोस् । यसले कोलेस्ट्रोलको मात्रा कम गर्छ । यद्यपि, अण्डाको धेरैजसो पोषक तत्व पहेँलो भागमा हुन्छ, त्यसैले त्यो नखाँदा तपाईंले केही पोषण गुमाउन सक्नुहुन्छ। तर, कम्तीमा तपाईं बिहानको खानामा केही अतिरिक्त अण्डा खान सक्नुहुन्छ।

**अण्डाको पोषक तत्व**

पहेँलो भागमा पाइने पोषक तत्वहरूः

कोलेस्ट्रोलः प्रति अण्डामा करिब २०० मिलिग्राम कोलेस्ट्रोल हुन्छ । स्वस्थ व्यक्तिका लागि यो सामान्य भए पनि उच्च कोलेस्ट्रोल भएकाले कम खानुपर्छ।

भिटामिन डीः हड्डी र रोग प्रतिरोधी क्षमता बलियो बनाउन मद्दत गर्छ। यो सूर्यको किरणबाहेक कम खानेकुरामा पाइन्छ।

भिटामिन एः आँखाको स्वास्थ्य र छालाका लागि महत्वपूर्ण।

भिटामिन बी १२ः स्नायु प्रणाली र रक्तकोष निर्माणमा सहयोगी।

कोलिनः मस्तिष्कको विकास र सम्झने शक्तिका लागि आवश्यक । यो गर्भवती महिलाहरूका लागि विशेष लाभकारी छ।

आइरनः रक्तअल्पता (एनीमिया) बाट बचाउन मद्दत गर्छ।

स्वस्थ बोसोः पहेँलो भागमा मोनोअनसेचुरेटेड र सेचुरेटेड फ्याट हुन्छ, जुन ऊर्जाका लागि उपयोगी छ।

**सेतो भागमा पाइने पोषक तत्वहरूः**

प्रोटिनः उच्च गुणस्तरको प्रोटिन (लगभग ३.६ ग्राम प्रति अण्डा) मांसपेशी निर्माण र मर्मतका लागि महत्वपूर्ण।

कम क्यालोरीः सेतो भागमा कोलेस्ट्रोल र बोसो हुँदैन, त्यसैले तौल नियन्त्रण गर्न चाहनेहरूका लागि उपयुक्त हुन्छ।

# माओवादी आन्दोलनलाई सही दिशा दिन बुद्धिजीविहरूले कलम चलाउनु पर्छ : खनाल




बुटवल । नेकपा (माओवादी केन्द्र) का सचिव चक्रपाणी खनाल बलदेवले माओवादी आन्दोलनलाई सही दिशा दिन बुद्धिजीविहरुले कलम चलाउनु पर्ने बताएका छन् । नेपाल बुद्धिजीवि संगठन रुपन्देहीको सातौ जिल्ला सम्मेलनको उद्घाटन गर्दै नेता खनालले जनयुद्धको बारेमा समाजमा फैलिएको भ्रम चिर्न बुद्धिजीवि वर्गलाई अग्रसर हुन आग्रह गरे । माओवादीहरुले मान्छे मारे भनेर रुपान्तरणकारी जनयुद्धलाई बदनाम गर्न खोजिएको उल्लेख गर्दै उनले संसारको कुन चाही युद्धमा मान्छे मरेको छैन भन्दै प्रश्न गरे । प्राप्त उपलब्धिको रक्षा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न बुद्धिजीविहरुले बहस चलाउनु पर्ने बताउँदै नेता खनालले समाजलाई दिशा निर्देश गर्ने प्रमुख दायित्व बुद्धिजीवि वर्गको भएको उल्लेख गरे ।

माओवादी केन्द्रका लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालले बौद्धिक वर्गले समाज र युगलाई प्रभावित पार्न सक्ने बताए । बुद्धिजीविहरुको तर्कले समाजलाई नयाँ दिशा दिन सक्ने उल्लेख गर्दै नेता बरालले अध्ययनको दायरालाई थप फराकिलो बनाउन आग्रह गरे । नेता बरालले नयाँ-नयाँ विषयमा बहस र छलफलको परम्परा हट्दै गइरहेको र सामाजिक सञ्जालको आधारमा धारणा निर्माण गर्ने परम्परा विकास भइरहेको भन्दै चिन्ता व्यक्त गरे ।

माओवादी केन्द्रका केन्द्रीय सदस्य रामु परियारले देशको नेतृत्व गर्न सक्ने पार्टी माओवादी मात्रै भएको बताए । वर्तमान सरकार इतिहासमै सबैभन्दा अलोप्रिय भएको बताउँदै उनले प्रधानमन्त्री ओलीले भ्रष्टचारीको संरक्षण गरेको आरोप लगाए । कार्यक्रममा बोल्दै नेपाल बुद्धिजीवि संगठनका नेन्द्रीय सचिव इन्द्र विश्वकर्मा, लुम्बिनी प्रदेश उपाध्यक्ष लोक शर्मा र संगठनका पूर्व जिल्ला अध्यक्ष यज्ञमूर्ति पाण्डेले युद्धको ऐतिहासिक पक्ष र गणतन्त्रको पक्षमा बौद्धिक वर्गले बहस गर्नु पर्ने बताए ।

सम्मेलनबाट मेघराज आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिती सर्वसम्मत चयन भएको छ । जसको उपाध्यक्षमा प्रदिप कुमार पाण्डे, हिमा थापा र नेत्रलाल पाण्डे रहेका छन् । संगठनको सचिवमा कौशल राज गौतम, सह-सचिवमा डा.चन्द्रबहादुर थापा र लोकराज घिमिरे चयन भएको संगठनले जानकारी दिएको छ ।

# पब्लिक क्याम्पस चलाउने जिम्मा प्रदेशलाई दिइयोस् : मुख्यमन्त्री आचार्य



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उच्च शिक्षा क्षेत्रको सुदृढीकरणका लागि नीतिगत, संरचनात्मक र व्यवहारिक सुधारमा प्रदेश सरकार सक्रिय रहेको बताएका छन् ।

शनिबार दाङको देउखुरीस्थित ऐरावती बहुमुखी क्याम्पसमा पब्लिक क्याम्पस प्राध्यापक सङ्घ, नेपाल लुम्बिनी प्रदेश समितिको आयोजनामा भएको प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सरकार र पब्लिक क्याम्पसबीच सहकार्य आवश्यक रहेको धारणा राखेका हुन् ।

'प्रदेश सरकारले पब्लिक क्याम्पसको शैक्षिक तथा भौतिक सुधारका लागि निरन्तर ध्यान दिँदै आएको छ । अब नीतिगत सुधार गरेर समस्याहरू सम्बोधन गर्नेतर्फ गम्भीर छौँ,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश सरकारले अनुदानको रूपमा पब्लिक क्याम्पसलाई सहयोग गर्न खोजेको हो । तर कानुनी अड्चनहरू छन् । सुधार गरेर अगाडि बढ्न सकिन्छ ।'

सामुदायिक क्याम्पसहरू आधारभूत तहका नागरिकका छोराछोरीलाई उच्च शिक्षामा लैजाने प्रमुख माध्यम भएकोमा खुसी व्यक्त गर्दै उनले नियमित सहयोगका लागि कानुनी अड्चन हटाउनु आवश्यक रहेको बताए ।

मुख्यमन्त्री आचार्यले पब्लिक क्याम्पसको जिम्मा प्रदेश सरकारलाई दिनुपर्ने माग निरन्तर संघीय सरकारसमक्ष राखिँदै आएको जानकारी पनि गराए । 'हामीले बारम्बार संघीय सरकारसँग भनिरहेका छौँ । पब्लिक क्याम्पसको जिम्मा प्रदेश सरकारलाई दिइयोस्,' उनले भने-'एक हिसाबले हेर्दा माध्यमिक शिक्षा (कक्षा १२) सम्म हामीले लगानी गरेका छौँ । तर कानुनले हामीलाई चिनेको छैन । कक्षा १२ सम्मको जिम्मा स्थानीय तहलाई दिइएको छ । सम्पूर्ण उच्च शिक्षाको जिम्मा संघीय सरकारसँग छ । यस्तो अवस्थामै पनि हामीले आफ्नो धर्म निर्वाह गर्दै आएका छौँ ।'

शिक्षा क्षेत्रको विकासबिना समृद्ध लुम्बिनी प्रदेशको सपना पूरा हुन नसक्ने आत्मबोधका साथ सरकारले नीति निर्माण गरिरहेको मुख्यमन्त्री आचार्यको भनाइ थियो । 'कानुनमा रहेको अस्पष्टता हटाइनु जरुरी छ । कक्षा १२ सम्मको जिम्मेवारी स्थानीय तहले लियो भने सामुदायिक क्याम्पसको जिम्मेवारी हामी लिन तयार छौँ,' उनले भने-'हामी यो विषयमा निरन्तर छलफल गरिरहेका छौँ । सामुदायिक क्याम्पसलाई बेवारिसे बनाउने हाम्रो उद्देश्य होइन ।'

मुख्यमन्त्री आचार्यले शिक्षा ऐन आउँदा स्थिति अझ स्पष्ट हुने विश्वास व्यक्त गर्दै प्रदेश सरकारले शिक्षा क्षेत्रमा अधिकार खोजिरहेको जनाए । 'अहिले प्रदेश सरकार अधिकारविहीन जस्तै अवस्थामा छ । तर यदि हामीलाई पब्लिक क्याम्पस सञ्चालनको जिम्मेवारी दिइयो भने त्यो जिम्मेवारी हामी पूरा गर्न तयार छौँ,' उनले स्पष्ट पार्दै भने-'तलका विद्यालय स्थानीय तहले सञ्चालन गरून् । विश्वविद्यालय र आङ्गिक क्याम्पसको जिम्मेवारी संघीय सरकारले लिनुहोस् । तर पब्लिक क्याम्पस चलाउने जिम्मा प्रदेश सरकारलाई दिइयोस् ।'

मुख्यमन्त्री आचार्यले सामुदायिक क्याम्पसको दिगो भविष्य र शैक्षिक गुणस्तर सुधारका लागि मर्जर (गाभ्ने) नीति आवश्यक रहेको पनि औँल्याए ।

उनको भनाइमा, पब्लिक क्याम्पसहरू समावेशी, गुणस्तरीय र दिगो उच्च शिक्षाको आधारस्तम्भ हुन् । नेपालमा उच्च शिक्षा सर्वसुलभ बनाउने कार्यमा सामुदायिक क्याम्पसले खेलेको भूमिका अतुलनीय रहेको उनले उल्लेख गरे । 'पब्लिक क्याम्पसहरूले ग्रामीण क्षेत्रमा उच्च शिक्षाको ज्योति पुर्‍याएका छन् । देशभरका लाखौं युवालाई शिक्षित बनाउन पुर्‍याएको योगदान उल्लेखनीय छ ।'-मुख्यमन्त्री आचार्यले भने ।

पब्लिक क्याम्पस प्राध्यापक संघ, लुम्बिनी प्रदेश समितिका अध्यक्ष युवराज रावतको अध्यक्षता तथम मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यमा भेलाको उद्घाटन भएको थियो ।

# नेशनल प्याब्सन रूपन्देहीको चित्रकला प्रतियोगितामा मेगा र मौयलाई उपाधि



बुटवल । नेशनल प्याब्सन रुपन्देहीको आयोजनामा लुम्बिनी बौद्ध विश्वविद्यालयमा कविता लेखन, वाचन तथा चित्रकला प्रतियोगिता सम्पन्न भएको छ ।

शिक्षाको गुणात्मक विकासमा रचनात्मक क्रियाकलापको महत्वलाई जोड दिँदै आयोजना गरिएको यस कार्यक्रममा रुपन्देही जिल्लाभरिका विभिन्न विद्यालयका ५६ जना विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो । नेशनल प्याब्सन रुपन्देहीका अध्यक्ष बाबुराम बञ्जाडेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा शिक्षा समन्वय इकाई कार्यालय रुपन्देहीका प्रमुख माधव बन्जाडेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि बञ्जाडेले विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि यस्ता प्रतियोगिताहरू अपरिहार्य रहेको बताए ।

उनले नेशनल प्याब्सनको यस प्रकारको पहलकदमीको प्रशंसा गर्दै आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यहरूलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

त्यस्तै कार्यक्रममा बोल्दै नेशनल प्याप्सन केन्दीय उप महासचिव विष्णुप्रसाद पौडेलले उपस्थित सम्पूर्ण विद्यार्थीहरूलाई सिर्जनशिलता सबैभन्दा महत्वपूर्ण कुरा भएकोले आफूहरूलाई सिर्जनशिल बनाउनुपर्नेमा जोड दिए ।

प्रतियोगितामा कविता लेखन तथा वाचनको निर्णायक मण्डलमा कृष्णप्रसाद पाण्डे र रमेश भण्डारी रहेका थिए भने चित्रकला प्रतियोगिताको निर्णायक मण्डलमा उज्ज्वलकुमार कायस्थ तथा जितेन चौधरीले भूमिका निर्वाह गरेका थिए ।

कार्यक्रमको सञ्चालन नेशनल प्याब्सन रूपन्देहीका कोषाध्यक्ष कमल पौडेलले गरेका थिए भने स्वागत मन्तव्य रामअवतार यादवले व्यक्त गरेका थिए । कार्यक्रममा विलप्रसाद गुरुङ, प्रमिला पछाई, शंकर गौतम, एल.बी. रौतार, अरविन्द हरिजन, कमलेश यादवलगायतका अतिथिहरूको उपस्थिति रहेको थियो ।

प्रतियोगिताका कविता लेखन तथा वाचन (सिनियरतर्फ): प्रथमः दिया न्यौपाने (देवदह इङ्गिलस बोर्डिङ स्कुल), द्वितीयः स्मृति भट्टराई (सिद्धार्थ बोर्डिङ स्कुल), तृतीयः सिद्धी केशरी (ग्लोरी बोर्डिङ स्कुल तथा सान्त्वनाः गुराँस गहतराज (बुटवल ग्लोरी) भएका छन् ।

त्यस्तै कविता लेखन तथा वाचन (जुनियरतर्फ) प्रथम वार्षिका बन्जाडे (स्कलर्सहोम), द्वितीय निकोल चापागाईं (नमूना एभरग्रिन स्कुल), तृतीय शिवानी सापकोटा (सिद्धार्थ ग्यालेक्सी तथा सान्त्वना नसिफा खातुन (ब्राइट स्टार) भएका छन् । त्यस्तै चित्रकला प्रतियोगिता (जुनियरतर्फ), प्रथम करन मौर्य ब्राइट स्टार बोर्डिङ स्कुलका छात्र), द्वितीय प्राप्ति श्रेष्ठ (ग्लोरी बोर्डिङ स्कुल), तृतीय स्मारिका नामजाली (नमूना एभरग्रिन स्कुल) सान्त्वना साइमन थापा देवदह बोर्डिङ् स्कुल चित्रकला प्रतियोगिता (सिनियरतर्फ)प्रथम मेगा गुरूङ सिद्धार्थ ग्यालेक्सी बोर्डिङ स्कुलकी छात्रा ) द्वितीय निसा गुप्ता (ब्राइट स्टार इङ्गिलस बोर्डिङ स्कुलकी छात्रा ), तृतीय सुदिक्षा श्रेष्ठ (देवदह इङ्गिलस बोर्डिङ स्कुल),सान्त्वनाः प्राप्ति थापा (ग्लोरी बोर्डिङ्) भएका छन् ।

यस कार्यक्रमले विद्यार्थीहरूमा लुकेको प्रतिभालाई बाहिर ल्याउन र उनीहरूको आत्मविश्वास बढाउन मद्दत पुगेको आयोजकले बताएको छ । कार्यक्रममा सहभागी विद्यार्थीहरूले आफ्नो सिर्जनशीलता र कला कौशल प्रदर्शन गर्ने उत्कृष्ट अवसर पाएकोमा खुसी व्यक्त गरेका थिए । आयोजक नेशनल प्याब्सन रुपन्देहीका अध्यक्ष बाबुराम बञ्जाडेले कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सबै निर्णायक मण्डल, विद्यालयहरू, शिक्षक तथा विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गरे । उनले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि नेशनल प्याब्सन सधैं प्रतिबद्ध रहेको जनाए ।

प्रतियोगिताका विजेता विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । यस प्रतियोगिताले विद्यार्थीहरूलाई आफ्नो कला र साहित्यप्रतिको रुचि बढाउनुका साथै प्रतिस्पर्धात्मक क्षमता विकास गर्न महत्वपूर्ण भूमिका खेलेको विश्वास गरिएको छ ।

# डेढ दशकभन्दा अगाडिदेखिका आयोजना अधुरै : गाउँभर खानेपानी समस्या

ढोरपाटन । बागलुङको बडिगाड गाउँपालिका-३ सिसाखानीमा खानेपानी आयोजना सुरु भएको साढे एक दशक बित्यो । तर अहिलेसम्म उक्त आयोजना सम्पन्न हुन सकेको छैन ।

गाउँमा 'एक घर, एक धारा' बनाउने गरी सुरु भएको आयोजना अलपत्र हुँदा स्थानीय निराश छन् । स्थानीयको खानेपानी समस्या समाधानका लागि विसं २०६७ मा ओखरगैंडा खानेपानी आयोजना सुरु भएको थियो । योजनाको दुई किलोमिटर टाढा घिनसिङ खोलाबाट मौरीभिर सम्मो भन्ने ठाउँमा लिफ्टमार्फत् ओखरबोट किम्लेमा पानी तानेर वितरण गरिने योजना थियो । तर त्यो योजना १५ वर्ष पुग्दासम्म पनि अधुरै छ । स्थानीयले दैनिक खानेपानीका लागि लाइनमा बस्नु पर्ने बाध्यता छ । सरकारले अपर्याप्त बजेट विनियोजन गर्दा कामा ढिलासुस्ती भएको हो ।

विसं २०७२ मा सङ्घीयता आएपछि उक्त खानेपानी योजना सशर्त कार्यक्रमअन्तर्गत् नेपाल सरकारबाट प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । प्रदेश सरकारले उक्त आयोजनालाई पुनः डिजाइन गरेर काम गर्दै आएको छ । पहिले निर्माण भएको रिजर्भ ट्याङ्की र सार्वजनिक धारा अहिले काम नलाग्ने भएका छन् । यहाँको झण्डै १०० घरधुरीको घर घरमा धारा निर्माण भएका छन् ।

घरमा धारा भए पनि पर्याप्त पानी नआउँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । सिसाखानीको बाघखोरमा रिजर्भ ट्याङ्की निर्माण भएपछि मात्रै सहज रूपमा पानी वितरण गर्न सकिने ओखरगैंडा खानेपानी आयोजनाका अध्यक्ष दिलबहादुर पुनले बताए । एउटा ४५ हजार लिटर र अर्को २० हजार लिटरको ट्याङ्की निर्माण गरेपछि मात्र खानेपानी समस्या समाधान हुने उनको भनाइ छ ।

अध्यक्ष पुनले भने-"यहाँ खानेपानी आयोजना सुरु भएको धेरै भयो तर अहिलेसम्म सम्पन्न नहुँदा हामीहरूले खानेपानीको सक बेहोर्नुपरेको छ, आयोजनाका लागि वर्षमा कहिले पाँच लाख, अहिले १० लाख बजेट आउँछ, त्यो बजेटले अपुरो काम हुन्छ, बजेट अभावका कारण अहिलेसम्म यो खानेपानी आयोजना सम्पन्न हुन सकेन, राज्यको ध्यान नगएको महसुस भएको छ ।"

करिब ६० लाख बजेट आए मात्रै आयोजना सम्पन्न हुने अध्यक्ष पुन बताउँछन् । ट्याङ्कीसँगै वडा कार्यालय, विद्यालयलगायत स्थानमा सार्वजनिक धारा र केही घरमा निजी धारा निर्माणको काम पनि बाँकी रहेको पुनले जनाए ।

वर्षौंदेखिको आयोजना पूरा नहुँदा अहिले पनि नागरिक पानी बोकेर उपभोग गर्नुपरेको स्थानीय किशोर काउचा घर्तीले बताए । अहिले बस्तीभन्दा झण्डै एक किलोमिटर तल रहेको रिजर्भ ट्याङ्कीबाट ओखरबोटमा रहेको २० हजार लिटरको ट्याङ्कीमा झारेर अस्थायी रूपमा पानी वितरण गरिएको छ । बिहान दुई घण्टा र साँझ दुई घण्टा पानी तानेर वितरण भइरहेको उनको भनाइ छ । खानेपानी पर्याप्त नहुँदा सरसफाइ गर्न, बस्तुभाउलाई खुवाउन र सागसब्जीखेती गर्न समस्या भएको घर्ती बताउँछन् ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी सागर अधिकारीले अहिले अस्थायी रूपमा यहाँका स्थानीयलाई पानी खुवाउने व्यवस्था मिलाएको जनाए । आगामी वर्ष अर्को ट्याङ्की निर्माण गरेपछि हरेक घरमा पानी पुर्‍याउने उनको भनाइ छ । अपर्याप्त बजेटका कारण धेरै योजना सम्पन्न गर्न नसकिएको अधिकारीले सुनाए ।

नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

-आफ्नो नगर एवम् सहर बजार वरपरको वातावरण सफा राखौं ।
-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं ।
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।
-खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
-सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**प्रभातफेरी कार्यक्रममा सहभागी:**
११औं अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा घोराही उप-महानगरपालिकाको आयोजना र जिल्ला प्रशासन कार्यालयको समन्वयमा शनिबार घोराही बजारमा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागीहरू। प्रभातफेरी कार्यक्रममा विभिन्न संघ-संस्थाको सहभागिता रहेको थियो। तस्विरः कुलदीप न्यौपाने/रासस

# समाजवादी प्रेस संगठनद्वारा पर्यटन पत्रकारिता कार्यशाला



बुटवल। समाजवादी प्रेस संगठन नेपाल रुपन्देहीले पर्यटन पत्रकारिता क्षमता अभिवृद्धि कार्यशाला गरेको छ।

तीन तहकै सरकारले पर्यटनमार्फत् समृद्धिको यात्रामा जाने नीति लिएको अवस्थामा पत्रकारिता क्षेत्रले उठाउनुपर्ने मुद्दाका सवालमा अन्तरक्रियात्मक रुपमा कार्यशाला गरिएको हो। कार्यशालाको उद्घाटनमा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले बुटवलबाट पर्यटनको केन्द्रका रुपमा विकास गर्ने योजनामा रहेको बताए।

उनले आन्तरिक पर्यटकीय क्षेत्रको विकासमा उपमहानगरले पूर्वाधार निर्माणसँगै प्राकृतिक सौन्दर्यता कायम गर्ने काम गरिरहेको बताउँदै अब बुटवलबाट अन्य क्षेत्रमा जाने केन्द्रका रुपमा विकास गर्न सकिने जनाए। उनले बुटवलबाट हिन्दु धर्मावलम्बीहरुको आस्थाको केन्द्र मुक्तिनाथ र बुद्धजन्मस्थल लुम्बिनी, ढोरपाटन, केरला नाका र गण्डकी र लुम्बिनीका पर्यटकीय स्थलहरुसम्म जाने विश्रामस्थलका रुपमा विकास गरिने बताए।

उनले बुटवल पर्यटकीय विश्रामस्थल बन्ने प्रशस्त आधार भएको बताउँदै यसका लागि स्थानीय सरकारले विभिन्न पहलहरु गरेको जनाए। नगरप्रमुख पाण्डेयले भारतीय पर्यटकलाई लक्षित गरी मुक्तिनाथसम्म लैजानका लागि बुटवल केन्द्र बन्नसक्ने बताए। बुटवलबाट बसन्तपुर र नुवाकोटमा बनेका केवलकार, सेनकालिन गिष्मकालिन दरबार, अग्रेजहरुलाई हराएको जितगढी किल्लाको विकास, युद्धकालिन संग्राहलय, पार्कहरुको निर्माण, तिनाउ नदीमा ड्याम निर्माण गरेर प्राकृतिक सौन्दर्यता बढाउने काम गरिरहेको उनले जानकारी दिए। उनले बुटवलका पर्यटकीय सम्भावना, यहाँको आवश्यकता र ऐतिहासिक महत्वलाई सञ्चारक्षेत्रले उजागर गर्नुपर्नेमा जोड दिए।

यस्तै बुटवल उपमहानगरका उपप्रमुख सावित्रादेवी अर्यालले बुटवललाई पर्यटकीय विश्रामस्थलका रुपमा विकास गर्ने गरी लागिपरेको बताइन्। उनले मुक्तिनाथ जाने पर्यटकहरुको मुख्य केन्द्र नै बुटवल बनाउनुपर्ने त्यसका लागि आफूहरुले पहल गरिरहेको जनाइन्। उनले मिडिया क्षेत्रले आलोचना पनि गर्नुपर्ने बताउँदै सम्भावनाका विषयहरु उजागर गर्नुपर्ने बताइन्।

कार्यशालाका अवसरमा पर्यटन र मिडियाका सन्दर्भममा समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय अध्यक्ष तथा दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठले पर्यटनले व्यक्तिको मनलाई आकर्षित गर्नुपर्ने बताए। उनले बुटवलमा विश्वविजेता भनेर विश्वमा चिनिएको अंग्रेज फौज हारेको जितगढी किल्ला, ऐतिहासिक सिद्धबाबा, रामापिथेक, गिष्मकालिन सेन वंशिय दरबार जस्ता स्थलहरु रहेकाले यी विश्वपर्यटनको आधार हुनसक्ने बताएका थिए।

उनले नेपाली पत्रकारिता क्षेत्रले पर्यटकीय सवालहरुलाई प्राथमिकता दिन सक्दा त्यसले पर्यटकहरुलाई आर्कषित गर्ने सक्ने जनाए। कार्यशाला उद्घाटनसत्रमा समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय उपाध्यक्ष हृदय भुसाल, नेपाल पत्रकार महासंघ लुम्बिनीका उपाध्यक्ष मिना ढकाल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, फोटो पत्रकार महासंघ लुम्बिनीका अध्यक्ष हरिष ढकाल, प्रेस यूनियन रुपन्देहीका सभापति कविन्द्र नेपाल, प्रेस चौतारी नेपाल रुपन्देही अध्यक्ष भगवती पाण्डेय, प्रेस सेन्टर नेपाल रुपन्देहीका उपाध्यक्ष माया केसी, प्रगतीशिल पत्रकार संघ नेपाल रुपन्देहीका अध्यक्ष वीरेन्द्र कुँवर, जनपत्रकार संगठन रुपन्देही अध्यक्ष विनोद खनाल, समाजवादी प्रेस संगठन रुपन्देहीका अध्यक्ष विनोद परियारले पर्यटन र पत्रकारिताका सवालमा आ-आफ्नो धारणा राखेका थिए।

कार्यशालामा लुम्बिनी पर्यटन परिषद्का कार्यकारी निर्देशक रामु जोशी, कान्तिपुर दैनिक लुम्बिनी ब्यूरो प्रमुख दीपेन्द्र बडुवाल, बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष विमलराज भट्टराई, नाट्टा लुम्बिनी अध्यक्ष चन्द्र थापा, संगठनका महासचिव रोहित दाहाल, कोषाध्यक्ष भरतराज पोखेलले प्रस्तुति राखेका थिए। बुटवल क्षेत्रका पत्रकारहरु तथा अन्य सरोकारवालाहरुको सहभागितामा कार्यशाला गरिएको संगठनका उपाध्यक्ष पुनहरी बेल्बासेले जानकारी दिए। बुटवल उप-महानगरपालिकासँगको सहकार्यमा कार्यशाला शुक्रबार र शनिबार गरिएको हो।

# सुनवलमा श्रावणी महामहोत्सव हुने




परासी। पश्चिम नवलपरासीको सुनवलमा ॐकारेश्वर राष्ट्र कल्याण विश्व शान्ति श्रावणी महामहोत्सव २०८२ सञ्चालन हुने भएको छ। सुनवल नगरपालिकाको वडा नं. १० स्थित खखरीबारीमा रहेको श्री हरिहर ॐ कारेश्वर महादेव मन्दिरमा ॐकारेश्वर राष्ट्र कल्याण विश्वशान्ति श्रावणी महामहोत्सव २०८२ सञ्चालन हुन लागेको हो। हरिहर ॐ कारेश्वर महादेव मन्दिर सेवा समितिले शनिबार सुनवलमा पत्रकार सम्मलेलन गरी ॐकारेश्वर राष्ट्र काल्याण विश्वशान्ति श्रावणी महामहोत्सव २०८२ सञ्चालन गर्न लागिएको जानकारी दिएको छ।

श्री हरिहर ॐ कारेश्वर महादेव मन्दिर सेवा समितिको आयोजनमा श्रावण १ गतदेखि ३१ गतेसम्म ॐकारेश्वर राष्ट्र कल्याण विश्वशान्ति श्रावणी महामहोत्सव सञ्चालन गर्न लागिएको ॐकारेश्वर राष्ट्र काल्याण विश्वशान्ति श्रावणी महामहोत्सव यज्ञ मूल व्यवस्थापान समितिका संयोजका विष्णुप्रसाद पौडेलले जानकारी दिए।

उनका अनुसार असार २८ गते मोटरसाइकल -याली, श्रवाण १ गते विभिन्न भेषभुषा, झाँकी, बाजागाजसहतिको बृहत्तर शोभा कलशयात्रा र १ गते नै हेलिकप्टरबाट पुष्पवृष्टि तथा जलार्पण गर्ने कार्यक्रम रहेको छ।

श्रवण २ गतेदेखि ३१ गतेसम्म प्रत्येक दिन बिहान ६ बजेदेखि बिहान ९ बजेसम्म मण्डप पूजा, दैनिक रुद्रभिषेक बेलपत्र अर्पण एंव पूजा अर्चना र प्रत्येक दिन ११:२० बजजेदेखि साँझ ६ बजेसम्म राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याति प्राप्त काथबाचक एव बाचिकाहरुद्वारा विभिन्न देवलीलामय सङ्गीतमय कथा प्रवचन हुने, साँझ ६ बजेदेखि ८ बजेसम्म दैनिक लक्ष्यवर्ती तथा तृरिया गंगा एंव हरिहर ॐकारेश्वर महादेवको श्रृङ्गारिक महाआरती हुने संयोजक पौडेलले जानकारी दिए।

त्यस्तै साँझ ८ बजेदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याति प्राप्त कलाकारहरुद्वारा भजन किर्तन, विभिन्न प्रस्तुति तथा श्रावण ३१ गते श्रीकृष्ण भगवनाको प्राकट्य उत्सव पूर्णहित गरी समापन गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ। महामहोत्सवमा देशविदेशका प्रखर कथाबाचक बाचिकाहरु आमान्त्रित गरी नेपाल र विदेशका हिन्दु धर्मावलम्बीहरुलाई अमृतमय प्रवचन ग्रहण गराउने तृरिया गंगाको दैनिक महाआरती हुने जेष्ठ नागरिकको सम्मान कन्यापूजन हुने संकल्पकर्ता बालव्यास श्री श्रवण न्यौपानेले बताए।

उनका अनुसार सवाकरोड लक्ष्यवर्ती प्रज्ज्वलन सवाकरोड पार्थिव शिवलिङ्गपूजन तथा सवाकरोड बेलपत्र अर्पण गरिने तथा विश्वको सबैभन्दा कन्छो र कान्छी कथाबाचक कथाबाचिकाको मुखराबिन्दुबाट प्रवचन हुने छ। महामहोत्सवमा १० लाखदेखि २० लाख भक्तजनको सहभागिता हुने अनुमान गरिएको र १ करोडदेखि डेढ करोड खर्च लाग्ने आयोजकले जनाएका छन्।

# भैरहवामा टी-१० क्रिकेट सुरु, प्रोफेसनल मास्टर्स र टिम रेस्पोन्स विजयी

भैरहवा। रुपन्देहीको भैरहवामा शनिबारदेखि टी-१० जिल्लास्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको छ। प्रोफेसनल मास्टर्स-११ क्रिकेट क्लब, भैरहवाको आयोजनामा 'एशियन बुद्ध टी-१० क्रिकेट-२०८२' सुरु भएको हो। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा सुरु प्रतियोगिताको उद्घाटन खेलमा आयोजक प्रोफेसनल मास्टर्स-११ ले मायादेवी क्रिकेट एकेडेमीलाई ६१ रनले हराएको छ। टस जितेर ब्याटिङ गरेको प्रोफेसनलले ६ विकेट गुमाएर १ सय ५ रनको बलियो योगफल बनायो। प्रोफेसनलका भुवन गैरेले ३६, सुरज खड्काले अविजित १६ र मेहफोज आलमले १२ रन बनाए। मायादेवीका निरज मौर्य, अर्जुन करौस र आरिफ खानले समान २-२ विकेट लिए। जवाफी ब्याटिङ गरेको मायादेवीले निर्धारित खेलमा जम्मा ४४ रनमात्रै बनायो। उसलाई सस्तैमा रोक्न प्रोफेसनलका जयप्रताप यादवले २ तथा करण केवट, अख्तर हुसेन र सुरज खड्काले समान १-१ विकेट लिए। मायादेवीका ननदलाल यादवले अविजित २६ र निरज मौर्यले १४ रन बनाए। प्रोफेसनलका जयप्रताप यादव प्लेयर अफ द म्याच बने।

यस्तै, दोस्रो खेलमा टिम रेस्पोन्स लुम्बिनीले मर्निङ क्रिकेट क्लबलाई ३ रनले पराजित गरेको छ। टस जितेर ब्याटिङ गरेको टिम रेस्पोन्सले ६ विकेट गुमाएर ८९ रन बनायो। उसका लागि जावेद खानले ७३ रनको योगदान गरे। बलिङमा मर्निङ क्रिकेट क्लबका प्रवेज अन्सारीले ३, सिजन मकाजुले २ र आकाश थापाले १ विकेट लिए। जवाफमा मर्निङ क्रिकेट क्लबले ४ विकेट गुमाएर ८६ रन मात्रै जोड्यो। उसका लागि अनिल जैसवारले ३० र दामोदर शर्माले २० रन बनाए। बलिङमा टिम रेस्पोन्सका फरहाद खानले २ विकेट लिए। खेलमा टिम रेस्पोन्स लुम्बिनीका जावेद खान प्लेयर अफ द म्याच भए।

यही असार ९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा रुपन्देहीका क्लब र एकेडेमीहरु गरी १४ वटा टीम सहभागी छन्। प्रतियोगिताको विजयी टिमले ८० नगद र उपविजेताले नगद ४० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, सेमिफाइनल पुग्ने दुईवटा टिमलाई नगद १०-१० हजार प्रदान गरिने छ। आयोजकका अनुसार प्रतियोगितामा म्यान अफ द सिरिजलाई नगद १२ हजार, बेस्ट ब्याटर र बलरलाई नगद ८-८ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचलाई १ हजार दुई सय रुपैयाँ प्रदान गरिने छ। यस्तै, उत्कृष्ट क्याच र सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीलाई समेत समान २ हजार ५ सय तथा दर्शकदिर्घाबाट छक्का क्याच गर्ने दर्शकलाई पाँच सय रुपैयाँ पुरस्कार प्रदान गरिने छ। प्रतियोगिताको मुख्य प्रायोजकमा भैरहवाको एशियन बुद्ध होटल रहेको छ। प्रतियोगिताको शनिबार सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले उद्घाटन गरेका थिए।

# बाँदर नियन्त्रण गर्न सामुदायिक वनमा फलफूलखेती गरिने

ढोरपाटन (बागलुङ)। बागलुङको काठेखोला गाउँपालिकाले बाँदर नियन्त्रणका लागि सामुदायिक वनमा फलफूल खेती गर्ने भएको छ।

बढ्दो बसाइँसराइका कारण रित्तिदै गएका गाउँमा बाँदर आतङ्क बढ्दै गएपछि गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्य फलफूल तथा गीठा, तरुल, भ्याकुर र कन्दमूलको खेती गर्ने भएको हो।

आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै गाउँपालिका अध्यक्ष राजु थापाले तरकारी खेतीमा नागरिकलाई आकर्षण वृद्धि गर्न 'तरकारी मिनिकिट अनुदान कार्यक्रम' कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने बताए। गाउँपालिकलो बाँकोको सिन्की, सिस्नोको पाउडर, अल्लोको कपडा, लालीगुराँसको जुस, अदुवाको मिठाइ, जुस, अचारलाई व्यवसायिक गर्दै स्थानीय उत्पादनको ब्राण्डिङ र प्याकेजिङ गरि बजारीकरण गर्ने भएको छ।

चिया, अलैंची, ओखर, टिमुर, आलु र सुन्तला खेतीको पकेट स्थापना गरी ब्लकको रूपमा विकास गरी कृषि पकेट पूर्वाधार कार्यक्रम सञ्चालन गरी कृषकको उत्पादनलाई सङ्कलन र बजारीकरणका कृषि उपज सङ्कलन केन्द्रको भवन निर्माण गरी सञ्चालन गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको छ। गाउँपालिकाले आगामी आर्थिक वर्षमा कोदोको लोकल रक्सीलाई ब्राण्डिङ र लेवलिङ गरी बिक्री वितरण गर्ने प्रक्रिया अगाडि बढाउने अध्यक्ष थापाले जनाए। पर्यटकीय क्षेत्र घुम्ने गरी पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण गेर निजी क्षेत्रसँग समन्वय गरी जडीबुटी उत्पादन र प्रशोधन केन्द्र सञ्चालन गरिने अध्यक्ष थापा बताउँछन्।

किसानले उत्पादन गरेका नाङ्लो, डाली र मकैको खोस्टाबाट निर्माण हुने फूलजन्य सामग्रीको बजारीकरणका लागि 'काठेखोला कोसेली घर' सञ्चालन अध्यक्ष थापाको भनाइ छ। सबै नागरिकको मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेहजस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध नीति तथा कार्यक्रममा समावेश गरिएको छ।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## अनलाइन ठगीबाट बचौं र बचाऔं

अनलाइन ठगहरुले
-तपाईंले चिठ्ठा जित्नुभयो,
-तपाईंको बैंक खाता बन्द हुँदैछ, तुरुन्त OTP पठाउनुहोस्,
-यो लिंक क्लिक गर्नुस्, ठूलो इनाम पाउनुहुनेछ,
-म विदेशबाट पैसा पठाउँदै छु, तपाईंको खाता पठाउनुहोस जस्ता अनेकौं प्रलोभन दिन सक्छन्।

त्यसबाट बच्न
-OTP, पासवर्ड वा बैंक विवरण कसैलाई नदिऔं,
- अपरिचित लिङ्क वा एप डाउनलोड नगरौं,
- कुनै पनि प्रकारका प्रस्तावमा नलोभिऔ,
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिलाई व्यक्तिगत जानकारी नदिऔं।
- ठगी भएको वा हुन लागेको शङ्का लागेमा तुरुन्तै नजिकको प्रहरीलाई खबर गरौं।
'सावधानी अपनाऔ अनलाइन ठगीबाट बचौं।'

नेपाल सरकार
विज्ञापन बोर्ड

## आम सर्वसाधरणमा अनुरोध

- चर्पिको नियमित प्रयोग गर्ने गरौं।
- व्यक्तिगत सरसरफाइमा ध्यान दिऔं।
- सुरक्षित खाना खाने बानी बसालौं।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गर्ने गरौं।
- साबुन पानीले हात धुने बानीको विकास गरौं।
- घरयासी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने गरौं।
- पूर्ण सरसफाइ प्राप्तिमा विशेष ध्यान दिने गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- खुल्ला स्थानमा दिसा पिसाब नगरौं चर्पीमा मात्र दिसा पिसाब गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्था जाँच गराउन जाऔं।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
सन्धिखर्क, अर्घाखाँची


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com